२०६६ वैसाख ३१

प्रेस विज्ञप्ती

वि.सं २०५९ मा स्थापित सिद्धार्थ बैंक आज द्रुतगर गतिमा विकास गरिरहेका बैंकहरु मध्येमा पर्दछ । स्थापनाकाल देखि नै ग्राहक सन्तुष्टिलाई केन्द्रविन्दुमा राखेर आफनो सेवा विस्तार गर्दैआएको यो बैंकले आफनो सेवालाई ग्राहकको चाहना अनुसार समय सापेक्ष सुधार र विस्तार गर्दै आएको छ । सक्षम सुचना प्रविधि मार्फत बैंकले आफनो सेवा तथा सुविधाहरुमा गुणात्मक सुधार गर्ने अन्तरनिहित उदेश्यले आफनो मौजुदा सुचना प्रविधिमा परिवर्तन गर्नुपर्ने अपरिहार्यतालाई मध्येनजर गर्दै अन्तराष्ट्रिय स्तरको अन्याधुनिक बैंकिङ्ग सफटवेयर खरिद गरि प्रयोगमा ल्याउने उदेश्य अनुरुप Oracle Financial Services Software Limited द्धारा विकसित Oracle FLEXCUBE Universal Banking Solution नामक बैंकिङ्ग सफटवेयर खरिद गर्ने निर्णय गरेको छ । यसै सन्दर्भमा Oracle Financial Services Software Limited संग मिति १४ मे २००९ मा सम्झौता समेत भएको छ ।

Oracle FLEXCUBE Universal Banking Solution अन्तराष्ट्रियस्तरका बैंकहरुले प्रयोगमा ल्याईरहेका बैंकिङ्ग सफटवेयर मध्येको एक हो । यो प्रविधि मार्फत बैंक हाल प्रचलनमा रहेका सवै आधुनिक वैकिङ्ग सुविधाहरु ग्राहक समक्ष प्रस्तुत गर्न सक्षम हुनेछ । यो बैंकिङ्ग सफटवेयर मार्फत ग्राहकहरुले बैंकको कुनैपनि शाखाहरु मार्फत छिटो र छरितो रुपमा सेवा प्राप्त गर्न सक्नुहुनेछ भने बैंकले आफना कतिपय क्रियाकलापहरुलाई केन्द्रिकृत गरि व्यवसायीक दक्षता हासिल गर्न एवं कार्यसंचालनमा मितव्ययिता हासिल गर्न सक्षम हुनेछ । यो वैकिङ्ग सफटवेयर मार्फत बैंकले आन्तरीक नियन्त्रण प्रणालीमा गुणात्मक सुधार गर्न सक्षम हुनेछ भने Management Information System लाई व्यवसायीक लाभको रुपमा रुपान्तरण गर्न सक्नेछ ।

यो बैकिङ्ग सफटवेयरको विक्रेता Oracle Financial Services Software Limited अन्तराष्ट्रिय स्तरको सफटवेयर विकास गरि विक्रि गर्ने कम्पनी Oracle को शतप्रतिशत लगानी रहेको कम्पनी हो । Oracle विश्वका प्रख्यात ठूला सुचना प्रविधी कम्पनीहरु मध्येको एक हो । Oracle Financial Services Software ले विश्वका १३५ भन्दा वढि राष्ट्रहरुमा ८६० भन्दा वढि ग्राहकहरुलाई विभिन्न सुचना प्रविधि सम्वन्धि सेवाहरु प्रदान गरि तिनीहरुको संचालन दक्षता वृद्धि गर्नको साथै वजार आवश्यकताहरु पूरा गर्दै ग्राहक सन्तुष्टिमा अभिवृद्धि गर्न सहयोग पुऱ्याउदै आइरहेको छ । Oracle जस्तो ख्यातिप्राप्त कम्पनीसंगको व्यवसायिक सम्वन्धनले सिद्धार्थ बैंकलाई भविष्यमा ग्राहकमूखी सेवा विस्तार गर्न अझ सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।